iPPAN स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

कान्तिपुर

# ९ सय मेगावाट थप्ने लक्ष्य

काठमाडौं (कास)- राष्ट्रिय प्रणालीमा आगामी आर्थिक वर्ष ९ सय मेगावाट विद्युत् थप्दै विद्युत् क्षमता ४ हजार ५ सय मेगावाट पुऱ्याइने भएको छ। अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्षको बजेट व्यक्तव्यमार्फत राष्ट्रिय प्रणालीमा विद्युत् क्षमता बढाउँदै प्रतिव्यक्ति विद्युत् खपत ४ सय ५० युनिट पुऱ्याइने बताएका हुन्।

सरकारले आगामी आर्थिक वर्ष बंगलादेशमा विद्युत् निर्यात गर्ने भएको छ। लगानी आकर्षित गर्न जलाशययुक्त जलविद्युत् आयोजनामा बाँध र विद्युत् गृह छुट्टाछुट्टै प्रवर्द्धकबाट निर्माणमा निजी क्षेत्रलाई सहभागी गराइने भएको छ। सरकारले सुक्खा यामको मागलाई पूर्ति गर्न १२ सय मेगावाट क्षमताको बुढीगण्डकी, ६ सय ७० मेगावाट क्षमताको दुधकोशी र ४ सय १७ मेगावाट क्षमताको

**ऊर्जा क्षेत्रको बजेट ५0 अर्ब ७8 करोड, बंगलादेशमा विद्युत् निर्यात गरिने**

नलसिंहगाड जलाशययुक्त जलविद्युत् आयोजना तथा २ सय ८० मेगावाट क्षमताको नौमुरे बहुउदेश्यीय जलविद्युत् आयोजनाको निर्माण कार्य थालनी गरिने जनाएको छ।

त्यस्तै, वैदेशिक रोजगारीमा गएका नेपालीहरूको लगानीमा ७७.५ मेगावाटको घुन्सा र ७०.३ मेगावाटको सिम्बुवा जलविद्युत् आयोजना निर्माण पनि थालिने भएको छ। जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत १ हजार ६३ मेगावाटको माथिल्लो अरुण, १ सय ६ मेगावाटको जगदुल्ला, १ सय मेगावाटको तामाकोशी पाँचौं, ४२ मेगावाटको मोदी ए र २ सय १० मेगावाटको चैनपुरसेती जलविद्युत् आयोजनाको निर्माण थालिने अर्थमन्त्री पुनले बताए।

सुनकोशी तेस्रो जलविद्युत् आयोजनाको विस्तृत अध्ययन, १० हजार ८ सय मेगावाटको कर्णाली चिसापानी आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइनको कार्य पनि आगामी आर्थिक वर्षबाट थालनी हुने भएको छ। सन् २०२५ भित्र खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न जीवाश्म ऊर्जालाई स्वच्छ एवं नवीकरणीय ऊर्जाले विस्थापन गरिने भएको छ। त्यस्तै निजी क्षेत्रबाट १ सय मेगावाट सौर्य विद्युत् जोड्ने, हरित हाइड्रोजन प्रवर्द्धन गर्ने कार्यक्रम बजेटमार्फत ल्याइएका छन्।

हेटौडा-ढल्केबर-इनरुवा र खिम्ती-ब्रहबिसे-लस्सिफेदी ४ सय केभी प्रसारण लाइनको निर्माण गरिने भएको छ। कर्णाली कोरिडोर ४ सय केभी प्रसारण लाइनको निर्माणको कार्यकलाई तीव्रता दिइने भएको छ। सरकारले ऊर्जा क्षेत्रको विकासका लागि ५० अर्ब ७४ करोड बजेट विनियोजन गरिएको छ।



हाम्रो गौरव, राष्ट्रको पत्रिका

गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुखभाग्जनः।

# ठुला र जलाशययुक्त आयोजना प्राथमिकतामा



**गोरखापत्र समाचारदाता**

*काठमाडौँ, जेठ १५ गते*

ठुला र जलाशययुक्त आयोजनालाई निर्माणमा प्रवेश गराउने उद्घोषसहित सरकारले मङ्गलबार आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेको छ। समग्र ऊर्जा क्षेत्रका लागि ५० अर्ब ७४ करोड रुपियाँ विनियोजनसहित अर्थमन्त्री वर्षमान पुनले मङ्गलबार सङ्घीय संसद्को संयुक्त बैठकमा आव २०८१/८२ को बजेट प्रस्तुत गर्नुभएको थियो। आगामी आवमा बहुचर्चित दुधकोशी, नलसिंहगाड, माथिल्लो तामाकोशी जस्ता आयोजना निर्माणको चरणमा प्रवेश गराउने योजना बजेटमा राखिएको छ।

६३५ मेगावाट क्षमताको दुधकोशी, ४१७ मेगावाट क्षमताको नलगाड जलविद्युत् आयोजना निर्माण सुरु गर्ने व्यवस्था बजेटमा गरिएको पुनले जानकारी गराउनुभयो। उहाँले २८० मेगावाट क्षमताको नौमुरे जलविद्युत् आयोजनाको समेत निर्माण सुरु गर्ने सरकारले लक्ष्य लिएको जानकारी गराउनुभयो। वर्षौंदेखि अलमलमै रहँदै आएको एक हजार दुई सय मेगावाटको बुढी गण्डकी जलविद्युत् आयोजना पनि निर्माण कार्य सुरु गरिने बजेट वक्तव्यमा उल्लेख गरिएको छ। सुक्खायामको विद्युत् मागलाई सम्बोधन गर्ने लक्ष्यका साथ सरकारले जलाशययुक्त आयोजना निर्माणलाई पनि विशेष प्राथमिकतामा राखेको मन्त्री पुनको भनाइ छ।

जनताको जलविद्युत् कार्यक्रम अन्तर्गत १०६ मेगावाट क्षमताको जदुल्ला, ९९.९ मेगावाट क्षमताको तामाकोशी पाँचौं, २१० मेगावाट क्षमताको चैनपुर सेती जलविद्युत् आयोजना निर्माण सुरु गर्ने लक्ष्य पनि बजेटमा राखिएको छ। सुनकोशी तेस्रो जलविद्युत् आयोजनाको लगानी ढाँचा निर्धारण गर्ने योजना सरकारले राखेको छ। त्यस्तै १० हजार आठ सय मेगावाट क्षमताको कर्णाली चिसापानी जलविद्युत् आयोजनाको विस्तृत अध्ययनसहित इन्जिनियरिङ डिजाइनको कार्य सुरु गर्ने प्रबन्ध बजेटमा गरिएको अर्थमन्त्री पुनले बताउनुभयो।

सरकारले आगामी आवमा नौ सय मेगावाट बिजुली थप हुने आकलन गरेको छ। हाल प्रतिव्यक्ति विद्युत् खपत क्षमता वार्षिक ३८० किलोवाट रहेकामा आगामी वर्ष त्यसलाई बढाएर ४५० किलोवाट पुऱ्याउने लक्ष्य छ। आगामी आवदेखि नेपालको बिजुली बङ्गलादेश पुऱ्याइने उद्घोष पनि उहाँले गर्नुभयो। निर्माण प्रक्रियामा जाने तयारीमा रहेको एक हजार दुई सय मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत् आयोजनाको निर्माण सुरु गरिने घोषणा गर्नुभयो। आयोजना निर्माणका लागि वित्तीय स्रोतको सुनिश्चितताका लागि दुई वटा ढाँचा प्रस्ताव गरिसकिएको उहाँको भनाइ छ। जलाशययुक्त आयोजना निर्माणमा व्यावसायिक लगानी आकर्षित गर्ने गरी बाँध र विद्युत्गृह संरचनालाई छुट्टाछुट्टै निर्माण गर्ने गरी आवश्यक व्यवस्था गरिने बजेटमा उल्लेख गरिएको छ।

सरकारले वैदेशिक रोजगारीमा रहेका नागरिकको लगानीलाई सुरक्षित गर्ने गरी ७७.५ मेगावाट क्षमताको घुन्सा खोला र ७०.३ मेगावाट क्षमताको सिम्बुआ खोला जलविद्युत् आयोजनाको निर्माण सुरु गर्ने पनि घोषणा गरेको छ।

निजी क्षेत्रको लगानीमा एक सय मेगावाट क्षमता बराबरको सौर्य ऊर्जा प्रणाली जडानका लागि आवश्यक व्यवस्था बजेटले गरेको जनाइएको छ। हरित हाइड्रोजनको उत्पादन, भण्डारण र प्रयोगलाई प्रोत्साहन गर्ने सरकारको नीति रहेको बजेटमा उल्लेख गरिएको छ। ढल्केबर इनरुवा प्रसारण लाइन, बाह्रबिसे खिम्ती लप्सीफेदी चार सय केभी प्रसारण लाइन निर्माण सम्पन्न गरिने प्रतिबद्धता मन्त्री पुनले बजेट वक्तव्यमार्फत व्यक्त गर्नुभएको छ। सेती कोरिडोर, भेरी कोरिडोर र बुढीगण्डकी कोरिडोर प्रसारण लाइन निर्माण सुरु गर्ने सरकारले लक्ष्य निर्धारण गरेको छ। न्यु बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनको निर्माण सम्पन्न गर्ने लक्ष्य बजेटमा राखिएको छ।

इनरुवा पूर्णिया, दोदोधारा बरेली प्रसारण लाइन निर्माणका लागि आवश्यक व्यवस्था गरिएको छ। प्रसारण लाइनको 'राइट अफ वे' का लागि आवश्यक पर्ने जग्गा प्राप्तिका लागि जग्गाधनीलाई आयोजना प्रभावित क्षेत्रका सर्वसाधारण सरह नै सेयर प्रदान गरिने व्यवस्था बजेटमा गरिएको छ। पुनले ऊर्जा क्षेत्र विकासका लागि ५० अर्ब ७४ करोड विनियोजन गरेको जनाउनुभयो।

मध्यान्ह
राष्ट्रिय दैनिक

निजी क्षेत्रको प्रतिक्रिया

# निजी क्षेत्रलाई सम्बोधन गरेर बजेट आयो

"महासंघको माग अनुसार नै निजी क्षेत्रको प्रवर्द्धनलाई प्राथमिकतामा राखिएको छ ।"



**चन्द्र ढकाल**
अध्यक्ष, एफएनसिसिआई

"कूल बजेटको झण्डै ३० प्रतिशत ऋण उठाउने भनेको यसले निजी क्षेत्रलाई गाह्रो बनाउन सक्छ।"



**कमलेश अग्रवाल**
अध्यक्ष, चेम्बर

"बजेट सुन्दा समग्रमा राम्रो नै आएको छ ।"



**राजेश अग्रवाल**
अध्यक्ष, सिएनआई

"बजेटमा पुँजीगत खर्च बढेको छैन, सार्वजनिक खरिद नियमावलीको १३औं संशोधनलाई कार्यान्वयन गर्नेगरी अर्थमन्त्रीले केही भन्नुभएको जस्तो देखिएन"



**रबि सिंह**
अध्यक्ष, एफक्यान

"बजेट अगाडि ऊर्जा क्षेत्रलाई जुन स्पीडमा प्राथमिकता दिइएको थियो, त्यस्तो खालको बजेट आएन"



**मोहन डाँगी**
वरिष्ठ उपाध्यक्ष, इप्पान



**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १५ जेठ ।

सरकारले आगामी आर्थिक वर्षको लागि ल्याएको बजेटलाई निजी क्षेत्रसँग सम्बन्धित अधिकांश व्यक्तिहरुले सकारात्मक प्रतिक्रिया दिएका छन् । मंगलबार संघीय संसदमा अर्थमन्त्रीले आगामी आवको बजेट प्रस्तुत गरेपछि निजी क्षेत्रका प्रतिनिधिहरुले प्रतिक्रिया दिँदै बजेट लगानीमैत्री रुपमा आएको बताएका हुन् ।

उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बजेट लगानीमैत्री आएको प्रतिक्रिया दिएका छन् । महासंघले विद्यमान आर्थिक समस्या समाधान र नयाँ चरणको सुधारका लागि उच्चस्तरीय आयोगको माग गरेको थियो । सोही अनुरुप आयोग बन्ने र बजेटले सुधार वर्ष घोषणा गरेकाले बजेट स्वागतयोग्य रहेको ढकालले बताए ।

सानो बचतबाट लगानी कम्पनी खोल्ने र विभिन्न क्षेत्रमा लगानी गर्ने कम्पनीलाई प्रवर्द्धन गर्ने, कृषिमा करार खेती र पहाडमा फलफूल खेतीको उनले सकारात्मक कार्यक्रमको रुपमा टिप्पणी गरे । 'पर्यटन प्रवर्द्धन, वैवाहिक पर्यटन विकास गर्ने विषय आएका छन् र सूचना प्रविधि र नवप्रवर्द्धन बचत गाउँमा केही सहुलियत र विस्तारका योजना छन्', अध्यक्ष ढकालले भने, 'महासंघको माग अनुसार नै निजी क्षेत्रको प्रवर्द्धधनलाई प्राथमिकतामा राखिएको छ ।

नेपाल चेम्बर्स अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले पनि बजेट तुलनात्मक रुपमा राम्रो आएको प्रतिक्रिया दिएका छन् । विगतमा भन्दा फरक शैलीमा बजेट आएपनि त्यति धेरै उत्साह हुने अवस्था भने नरहेको उनको भनाइ छ। यो पटक राजस्वको लक्ष्य सन्तुलित नै भएपनि कूल बजेटको झन्डै ३० प्रतिशत ऋण उठाउने भनेको यसले निजी क्षेत्रलाई गाह्रो बनाउने उनको भनाइ छ । विदेशी ऋण लिएर आन्तरिक राजस्वको स्रोत जुटाउने भने पनि भविष्यमा जनतामाथि नै वित्तीय दायित्व बढ्दै जाने भएकाले यसको प्रभाव राम्रो नहुने उनको भनाइ छ ।

नेपाल उद्योग परिसंघ (सीएनआई) का अध्यक्ष राजेस अग्रवालले आगामी आवको बजेट राम्रो आएको प्रतिक्रिया दिएका छन् । उनले बजेटमा निजी क्षेत्रलाई सम्बोधन भएको प्रतिक्रिया बताए । 'बजेटलाई पूरै पढ्न पाएको छैन, अध्ययन गरेपछि धेरै चिज थाहा हुन्छ', अग्रवालले भने, 'बजेट सुन्दा समग्रमा राम्रो नै आएको छ ।'

त्यस्तै, बजेटले निर्माणको क्षेत्रलाई धेरै सम्बोधन नगरेको तर, सार्वजनिक खरिदको विषयलाई व्यवस्थित गर्ने भन्नेगरी आएको नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले मिश्रित प्रतिक्रिया दिएका छन् । 'बजेटमा पुँजीगत खर्च बढेको छैन, सार्वजनिक खरिद नियमावलीको १३औं संशोधनलाई कार्यान्वयन गर्नेगरी अर्थमन्त्रीले केही भन्नुभएको जस्तो देखिएन', सिंहले भने, 'तैपनी १५ बेडको अस्पतालको लागि १५ अर्ब रुपैयाँको व्यवस्था गरेको हुनाले केही अस्पताल सम्पन्न होला, तर, ३ सयवटा जति अस्पताल निर्माणमा समस्या कायमै रहने देखिन्छ ।' उनले इस्टमेट गरिएको भन्दा बढीको ठेक्का लगाएमा पनि समन्वय गर्ने अर्थमन्त्रीको भनाइ सकारात्मक भएको बताए ।

स्वतन्त्र ऊर्जा उत्पादनहरुको संस्था, नेपाल (इप्पान) का वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले भने आगामी आवको बजेट उत्साह जगाउने खालको नआएको प्रक्रिया दिएका छन् । डाँगीले बजेटबारे प्रतिक्रिया दिँदै उर्जा क्षेत्रलाई उत्साह जगाउने खालको बजेट नआएको बताए । 'बजेट अगाडि ऊर्जा क्षेत्रलाई जुन स्पीडमा प्राथमिकता दिएको थियो, त्यस्तो खालको बजेट आएन', डाँगीले भने, 'यो बजेटले ऊर्जा क्षेत्रलाई उत्साह जगाएन ।'

बजेटले सरकारले लिएको १० वर्षमा १० हजार मेगावटको लक्ष्य पुरा नहुने डाँगीको भनाइ छ । 'सरकारले भनेको १० हजार मेगावाट र २६ हजार ५०० मेगावाटको लक्ष्य थियो त्यो पुरा नहुने देखिएको छ', उनले भने, 'मैले बजेट सुन्दा त्यस्ता खालको कुनै कुरा आएको छैन, पूर्ण बजेट एक पटक अध्ययन गरेर थप धेरै कुरा भन्न सकिन्छ होला ।'

आर्थिक अभियान
www.abhiyandaily.com

# विद्युत् प्रसारण लाइन निर्माण र वितरण निजीक्षेत्रलाई खुला हुँदै

**अभियान संवाददाता**

काठमाडौं

सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत विद्युत् प्रसारण लाइन निर्माण र वितरणमा निजीक्षेत्रलाई बाटो खोलिदिएको छ ।

अर्थमन्त्री वर्षमान पुनले मंगलवार संघीय संसद्का दुवै सदन (प्रतिनिधिसभा र राष्ट्रियसभा) को बैठकमा आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्दै विद्युत् प्रसारण लाइनको निर्माण र वितरणमा निजीक्षेत्रलाई समेत सहभागी गराउन कानूनी प्रबन्ध गरिने बताएका हुन् ।

बजेट प्रस्तुत गर्दै उनले जलाशययुक्त जलविद्युत् आयोजनामा बाँध र विद्युत्गृह छुट्टाछुट्टै प्रवर्द्धकबाट निर्माण गर्ने गरी निजीक्षेत्रको लगानी आकर्षित गर्ने बताए ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले केही सीमित पक्षबाहेक बजेटमा सकारात्मक हुन नसकिने धारणा राखे । विद्युत् प्रसारण लाइन निर्माणमा निजीक्षेत्रलाई बाटो खुला गर्ने गरी कानूनी प्रबन्ध गर्ने सरकारको घोषणा स्वागतयोग्य रहेको उनले बताए । उनका अनुसार प्रसारण लाइनको 'राइट अफ वे'का लागि आवश्यक पर्ने जग्गा प्राप्तिका लागि जग्गाधनीलाई आयोजना प्रभावित क्षेत्रका सर्वसाधारण सरह नै शेयर दिने कुरा पनि सकारात्मक छ ।

**विद्युत् प्रसारण लाइनको निर्माण र वितरणमा निजीक्षेत्रलाई समेत सहभागी गराउन कानूनी प्रबन्ध आर्थिक वर्ष २०८१/८२ मै गरिने**

१० वर्षमा १० हजार मेगावाट विद्युत् भारतलाई बेच्ने र साढे २८ हजार मेगावाट उत्पादन गर्ने सरकारी लक्ष्यबारे बजेटमा खासै सम्बोधन नगरेकोमा टिप्पणी गर्दै उनले सरकारको लक्ष्य एकातिर र बजेट अर्कोतर्फ गएको बताए । प्रसारण लाइन विस्तारको लागि निजी लगानीमा समेत आयोजना प्रवर्द्धन गर्ने कुरा आर्थिक वर्ष २०७९/८० को बजेटमा पनि उल्लेख थियो । सरकारले आगामी आर्थिक वर्ष ९०० मेगावाट विद्युत् थप गरी राष्ट्रिय प्रणालीको विद्युत् क्षमता ४ हजार ५०० मेगावाट पुऱ्याउने र प्रतिव्यक्ति विद्युत् खपत ४५० युनिट पुऱ्याउने लक्ष्य लिएको छ ।

सुक्खायामको माग धान्न १२ सय मेगावाट क्षमताको बूढीगण्डकी, ६७० मेगावाट क्षमताको दूधकोशी, ४१७ मेगावाट क्षमताको नलसिंगाड जलाशययुक्त जलविद्युत् आयोजना र २८० मेगावाट क्षमताको नौमुरे बहुउद्देश्यीय जलविद्युत् आयोजनाको निर्माण कार्य शुरू गर्ने सरकारको योजना छ । वैदेशिक रोजगारीमा गएका व्यक्तिको लगानीमा ७७ दशमलव ५ मेगावाटको घुन्सा र ७० दशमलव ३ मेगावाटको सिम्बुवा जलविद्युत् आयोजना निर्माण कार्य अगाडि बढाउने समेत बजेटमा उल्लेख छ ।

सरकारले जारी गरेको बजेट ऊर्जा क्षेत्रका लागि उत्साहजनक मान्न नसकिने आरती पावर कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक प्रकाशचन्द्र दुलालले बताए ।

उनका अनुसार सरकारले विद्युत् क्षेत्रमा लिएको लक्ष्य र बजेटको तालमेल मिलेको छैन । एक हिसाबले यस बजेटले माहोल निर्माण गर्ने काम गरे पनि आर्थिक ऐनभन्दा बाहिर गएर बजेटमा उल्लेख भएका कुराबाट खासै आश गर्न नसकिने उनको भनाइ छ ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/०२/१६**

श्री महादेव सा.व.उ.स. बराहताल गापा-६, सुर्खेतबाट उत्पादित विभिन्न जातको गोलिया काठ ५८ थानको ९०३.६७ क्यूफिट र विभिन्न जातको दाउरा २ चट्टा समुदाय बाहिर बिक्री गर्नुपर्ने भएकोले यो २१ दिने सूचना प्रकासित गरिएको छ । विस्तृत जानकारीको लागि डिभिजन वन कार्यालय (भेरी) बाबियाचौर सुर्खेत र यस समूहको कार्यालयमा सम्पर्क राख्नु होला ।

**श्री महादेव सामुदायिक वन उपभोक्ता समूह**
बराहताल गाउँपालिका-६, सुर्खेत

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक
nayapatrikadaily.com
# नयाँ पत्रिका
१६ जेठ २०८१, बुधबार (29 May 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ४७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

## ४,२३४ मेगावाटका ११ ठूला जलविद्युत् निर्माण सुरु गरिने



- नौ सय मेगावाट विद्युत् थप
- बंगलादेशमा विद्युत् निर्यात
- रेमिट्यान्सको पैसाले घुन्सा र सिम्बुवा जलविद्युत् बनाइने
- १२ सय मेगावाटको बुढीगण्डकी, ६ सय ७० मेगावाटको दूधकोशी, चार सय १७ मेगावाटको नलसिङगाड र दुई सय ८० मेगावाटको नौमुरेको निर्माण सुरु गरिने
- १० हजार आठ सय मेगावाटको कर्णाली-चिसापानी जलविद्युत् आयोजनाको विस्तृत डिजाइन सुरु गरिने
- हरित हाइड्रोजन प्रवर्द्धन गर्ने अनुसन्धान गरिने

**मिलन विश्वकर्मा**/ नयाँ पत्रिका

सरकारले आगामी आर्थिक वर्ष ०८१/८२ मा कुल चार हजार दुई ३४ मेगावाट क्षमताका ११ ठूला परियोजनाको निर्माण सुरु गर्ने महत्त्वाकांक्षी योजना अघि सारेको छ। मंगलबार सार्वजनिक बजेटमार्फत वर्षमान पुनले सरकारले यस्तो लक्ष्य लिएको बताएका हुन्।

अहिले बर्खामा भारतमा विद्युत् निर्यात गर्न पुगे पनि हिउँदमा ६ सय मेगावाटसम्म विद्युत् आयात गर्नुपर्छ। सोही अवस्थालाई दृष्टिगत गर्दै सरकारले ठूला जलाशययुक्त आयोजनाको निर्माण गर्ने घोषणा गरेको देखिन्छ।

त्यसमा १२ सय मेगावाटको बुढीगण्डकी जलाशययुक्त जलविद्युत् परियोजना पनि रहेको छ। भन्डै चार खर्ब लागत अनुमान गरिएको उक्त परियोजना सरकारले आफ्नै लगानीमा बनाउने गरी भदौ ०७९ मा कम्पनी दर्ता गरिसकेको छ। अर्थ मन्त्रालयबाट लगानीको खाका स्वीकृत भएपछि परियोजनाको निर्माण अघि बढ्ने बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सिइओ) जगतकुमार श्रेष्ठले बताए।

यस्तै, ६ सय ७० मेगावाटको दूधकोशी जलाशययुक्त परियोजनाको निर्माण पनि अघि बढाउने बजेटमा उल्लेख छ। दुई अर्ब २० करोड डलर लागत अनुमान गरिएको यो परियोजनामा एसियाली विकास बैंक र विश्व बैंकले एक अर्ब ४५ करोड डलर हाराहारीमा ऋण लगानी गर्दै छन्। आगामी पुस मसान्तभित्र परियोजनाको वित्तीय व्यवस्थापन गर्ने र निर्माण प्रक्रिया

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit
ग्लोबल रेमिट

अघि बढाउने नेपाल विद्युत् प्राधिकरणको योजना छ। यस्तै, चार सय १७ मेगावाटको नलसिङगाड जलाशययुक्त जलविद्युत् आयोजना र दुई सय ८० मेगावाटको नौमुरे बहुउद्देश्यीय जलविद्युत् आयोजनाको निर्माण पनि सुरु गर्ने सरकारको घोषणा छ।

जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत एक हजार ६१ मेगावाटको माथिल्लो अरुण जलविद्युत् आयोजना अघि बढाउने घोषणा पनि गरिएको छ। संखुवासभामा बन्ने उक्त आयोजनामा एक अर्ब ८० करोड डलर लगानी अनुमान गरिएको छ, जुन मिश्रित लगानी (स्वदेशी र विदेशी)मा बनाइँदै छ। यसमा एचआइडिसिएललगायत स्वदेशी वित्तीय संस्थाहरूले ५३ अर्ब ३४ करोड ऋण लगानी गर्ने समझदारी गरिसकेका छन्। यसैगरी विश्व बैंक र एडिबीले एक सय अर्ब डलर ऋण लगानी गर्दै छन्। यस्तै, एक सय ६ मेगावाटको जगदुल्ला अर्धजलाशययुक्त आयोजनाको निर्माण पनि अघि बढाउने बजेटमा उल्लेख छ। यस परियोजनामा २३ अर्ब लागत अनुमान गरिएको छ। त्यसमा हालै नबिल बैंकको नेतृत्वमा स्वदेशी बैंक तथा वित्तीय संस्थाले १५ अर्ब ९० करोड रुपैयाँ ऋण लगानी गर्ने सम्झौता भइसकेको छ। आगामी आवदेखि परियोजनाको निर्माण अघि बढाउने जगदुल्ला जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत सञ्जय सापकोटाले बताए।

यस्तै, सय मेगावाटको तामाकोशी पाँचौं, ४२ मेगावाटको मोदी 'ए' र दुई सय १० मेगावाटको चैनपुर-सेती जलविद्युत् आयोजनाको निर्माण कार्य पनि सुरु गर्ने बजेटमा उल्लेख छ। यसैगरी वैदेशिक रोजगारीमा गएका व्यक्तिको लगानीमा ७७.५ मेगावाटको घुन्सा र ७०.३ मेगावाटको सिम्बुवा जलविद्युत् आयोजना निर्माण कार्य अगाडि बढाउने अर्थमन्त्री वर्षमान पुनले बताए। यसरी सरकारले आफ्नै स्वामित्वका चार हजार दुई सय ३४ मेगावाटको आयोजनाको निर्माण आगामी आवमा सुरु गर्ने लक्ष्य लिएको छ।